# निर्वाचनमा मानव अधिकार- राष्ट्रिय मानव अधिकार आयोगको अनुरोध पत्र २०८२

आगामी २०८२ फागुन २१ गते सम्पन्न हुने गरी तय भएको प्रतिनिधि सभा सदस्यको निर्वाचनमार्फत प्रतिनिधिसभाका सदस्य चयन गर्ने प्रक्रिया मानव अधिकार संरक्षणको दृष्टिले महत्त्वपूर्ण रहेको छ। मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धि, १९६६ तथा नेपाल पक्ष भएका मानव अधिकारसम्बन्धी अन्य अन्तर्राष्ट्रिय दस्तावेजहरूले समेत भयरहित वातावरणमा हुने स्वतन्त्र र निष्पक्ष निर्वाचनमार्फत जनताले आफ्ना प्रतिनिधिहरू छान्ने, उम्मेदवार हुने र निर्वाचित हुन पाउनेजस्ता अधिकारहरू उल्लेख गरेको छ।

संवैधानिक अङ्गको रूपमा स्थापित राष्ट्रिय मानव अधिकार आयोगलाई नेपालको संविधानको धारा २४९ ले मानव अधिकारको सम्मान, संरक्षण, संवर्द्धन तथा प्रभावकारी कार्यान्वयनको सुनिश्चीत गर्नुपर्ने दायित्व तोकेको छ। त्यसका लागि मानव अधिकार कार्यान्वयन अवस्थाको अनुगमन गर्ने दायित्व समेत प्रदान गरेको छ। लोकतन्त्रको संस्थागत विकास तथा राज्य सञ्चालनका विधि र पद्धतिहरू निर्माण प्रक्रियामा नागरिकहरूको प्रत्यक्ष सहभागिता हुने निर्वाचनको आफ्नै महत्त्व हुन्छ। गत २०८२ भदौ २३-२४ गतेको जेन-जी प्रदर्शनपछि हुन लागेको प्रतिनिधि सभाको निर्वाचन मानव अधिकार, दिगो शान्ति, संस्थागत सुदृढीकरण तथा समावेशी लोकतन्त्रको संस्थागत विकासका निम्ति समेत सार्थक हुन सक्दछ भन्ने आमधारणा रहेको छ। प्रतिनिधिसभा मार्फत मानव अधिकारमैत्री, लोकतान्त्रिक तथा समावेशी समाज निर्माणको लागि सम्पूर्ण प्रक्रियाहरूमा महिला, बालबालिका, दलित, मधेशी, आदिवासी जनजाति, यौनिक तथा लैङ्गिक अल्पसंख्यक समूह विभिन्न धार्मिक समुदाय, अपाङ्गता भएका व्यक्तिलगायतका सबै समूहहरूको सार्थक सहभागिता र उचित प्रतिनिधित्वको सुनिश्चितता हुनुपर्दछ।

यसै सन्दर्भमा आयोगले आसन्न प्रतिनिधिसभाको निर्वाचनपूर्व, निर्वाचनको अवधिमा एवं निर्वाचन सम्पन्न भएपश्चात् समेत गरी तीनै चरणमा मानव अधिकार संरक्षणको दृष्टिकोणले अनुगमन, अनुसन्धान, प्रवर्द्धन तथा वकालतसम्बन्धी कार्यक्रमहरू निर्धारण गरेको छ। प्रतिनिधिसभामा मानव अधिकारको विषयलाई सशक्त ढङ्गले सम्बोधन गर्नका निम्ति सरकारी निकाय, सुरक्षा निकाय तथा राजनीतिक दलहरू, उम्मेदवार, नागरिक समाज, मानव अधिकार समुदाय, विभिन्न धार्मिक समुदाय, गैरसरकारी संगठनहरू एवं आमनागरिकको अहम् भूमिका रहने हुँदा मानव अधिकारको संरक्षण तथा सम्बर्द्धनसम्बन्धी कार्यमा सहयोग पुर्‍याइदिनु हुन आयोग सबैमा आग्रह गर्दछ। मानव अधिकार उल्लङ्घनसम्बन्धी उजुरी गर्नुपरेमा तथा आयोगका क्रियाकलापहरूका सम्बन्धमा थप जानकारी आवश्यक भएमा आयोगको केन्द्रीय, प्रादेशिक र शाखा कार्यालयहरूमा सम्पर्क राख्न समेत अनुरोध छ।

मानवअधिकारको विश्वव्यापी घोषणपत्र १९४८, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धि १९६६, नेपाल पक्ष राष्ट्र भएका मानव अधिकारसम्बन्धी अन्य अन्तर्राष्ट्रिय दस्तावेजहरूले समेत भयरहित, स्वतन्त्र र निष्पक्ष निर्वाचनमार्फत जनताले आफ्नो प्रतिनिधिहरू छान्ने, उम्मेदवारी दिने र निर्वाचित हुन पाउने अधिकारहरूलाई उल्लेख गरेको छ। यसै सन्दर्भमा आसन्न प्रतिनिधिसभाको निर्वाचनलाई मानव अधिकारको

दृष्टिकोणबाट आयोगले पनि अनुगमन गर्ने भएको छ।  प्रतिनिधिसभा निर्वाचनमा मानव अधिकारको सवाललाई सम्बोधन गर्न सरकार राजनीतिक दलहरू, उम्मेदवारहरू, सरकारी निकायहरू, गैरसरकारी संस्था, नागरिक समाज तथा आमनागरिकको भूमिका महत्त्वपूर्ण हुन्छ। यसै तथ्यलाई मध्यनजर गर्दै सरोकारवालाहरूसँग विगतमा गरेका परामर्शहरूबाट प्राप्त सुझाव समेतका आधारमा प्रतिनिधिसभाको निर्वाचनमा गर्नुपर्ने र गर्न नहुने कार्यका सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगद्वारा यो **राष्ट्रिय मानव अधिकार आयोगको अनुरोधपत्र २०८२** प्रस्तुत गरिएको छ ।

### गर्नुपर्ने:

- व्यक्तिको जीवन, स्वतन्त्रता तथा मर्यादालाई सबैले सम्मान गर्नुपर्ने,
- **प्रतिनिधिसभा निर्वाचनसँग सम्बन्धित सवालहरूमा आमनागरिकको सार्थक सहभागिताका लागि निम्न अधिकारहरू सुनिश्चित गर्नुपर्ने:**
  - नागरिकको उम्मेदवार हुन पाउने अधिकार,
  - स्वतन्त्र रूपमा मतदान गर्न पाउने अधिकार,
  - कुनै राजनीतिक दलसँग आबद्ध हुने वा स्वतन्त्र रूपमा आफ्नो विचार राख्न पाउने अधिकार,
  - शान्तिपूर्ण रुपमा भेला हुने वा राजनीतिक कार्यक्रममा सहभागी हुन पाउने अधिकार,
  - निर्वाचनसम्बन्धी अपराध हेर्ने स्वतन्त्र र सक्षम निकाय बन्नुपर्ने तथा त्यस्ता निकायमा सरल पहुँच एवं छिटो न्याय पाउने अधिकार सुनिश्चित गर्नुपर्ने,
- प्रतिनिधिसभासँग सम्बन्धित प्रक्रियाहरूमा महिला, दलित, मधेशी, आदिवासी, जनजाति, यौनिक तथा लैङ्गिक अल्पसंख्यक समूह, विभिन्न धार्मिक समुदाय, अपाङ्गता भएका व्यक्ति तथा सिमान्तिकरणमा परेका नागरिक लगायतका सबै समूहहरूको अर्थपूर्ण सहभागिता र उचित प्रतिनिधित्वको सुनिश्चितता गर्नुपर्ने,
- सबै राजनीतिक दलहरूलाई सरकारी आमसञ्चारका माध्यम तथा सार्वजनिक स्थलको प्रयोगमा बिना भेदभाव पहुँचको सुनिश्चितता गर्नुपर्ने,
- द्वन्द्व, प्राकृतिक प्रकोप वा कुनै पनि कारणले आन्तरिक रूपमा विस्थापित भएका व्यक्तिहरूको निर्वाचन प्रक्रियामा भाग लिन पाउने अधिकार सुनिश्चित गर्नुपर्ने,
- कारागार तथा हिरासतमा रहेका थुनुवा वा बन्दी, ज्येष्ठ नागरिक, निर्वाचनको सिलसिलामा खटिई जाने कर्मचारी, स्वयंसेवक, पर्यवेक्षक एवं अनुगमनकर्ता समेतको मतदानको अधिकारलाई सुनिश्चित गर्नुपर्ने,
- निर्वाचन अभियानको प्रक्रियामा प्रयोग गरिने भाषा शिष्ट, मर्यादित, लैङ्गिक दृष्टिकोणले सम्वेदनशील तथा मानव अधिकारमैत्री हुनुपर्ने र निर्वाचनसम्बन्धी आचारसंहिता पालना गर्नुपर्ने,
- निर्वाचनमा खटिएका कर्मचारी तथा उम्मेदवारहरू, साथै उम्मेदवारहरूबिच पनि लैङ्गिकमैत्री, सौहार्दपूर्ण व्यवहार गर्नुपर्ने,

- शान्तिपूर्ण रूपमा आयोजना गरिने कुनै पनि सभा-सम्मेलनजस्ता कार्यक्रमहरूलाई निर्वाध रूपले सञ्चालन गर्न दिईनुपर्ने। निर्वाचनको प्रचारप्रसारको सिलसिलामा आयोजना गरिने आमसभा, जुलुस, र्याली जस्ता कार्यक्रमहरू अहिंसात्मक र शान्तिपूर्ण बनाउनुपर्ने,
- नेपालको संविधान तथा प्रचलित नेपाल कानूनद्वारा प्रदान गरिएको नागरिकको सुसूचित हुने हकलाई सुनिश्चित गर्दै मानव अधिकार रक्षक, सञ्चारकर्मी, अनुगमनकर्ता, पर्यवेक्षक तथा अन्य सरोकारवालाहरूको सूचना संकलनको कार्यमा सहज पहुँच सुनिश्चित गर्नुपर्ने। सूचनाको सम्प्रेषण गर्दा विना भेदभाव कसैको हानी नोक्सानी नहुनेजस्ता आधारभूत मानव अधिकारका सिद्धान्तलाई आत्मसात गर्नुपर्ने,
- स्वतन्त्र र निष्पक्ष प्रतिनिधिसभा निर्वाचनका लागि सुरक्षित र भयरहित वातावरण तयार गर्न सरकारद्वारा उपयुक्त संयन्त्र निर्माण गरी सुरक्षाको प्रत्याभूत गर्नुपर्ने।

## गर्न नहुनेः

- मानव अधिकार, प्रेस स्वतन्त्रता तथा वैयक्तिक स्वतन्त्रता र गोपनियताको हक उल्लङ्घन गर्न नहुने,
- नेपाल पक्ष भएको बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को भावनाको प्रतिकूल हुने गरी बालबालिकालाई सभा सम्मेलन, जुलुसजस्ता राजनीतिक दलका क्रियाकलापमा संलग्न गर्न नहुने, साथै कुनै दल वा उम्मेदवारको पक्ष वा विपक्षमा वकालत/प्रसार प्रचार प्रयोजनको लागि समाजिक सञ्जालमा बालबालिकाको दुरुपयोग कसैले पनि गर्न नहुने,
- सामाजिक तथा धार्मिक सद्भाव विथोल्ने अभिव्यक्ति राजनैतिक दल, उम्मेदवार वा अन्य कसैले दिनु नहुने। त्यस्ता, सामाजिक द्वैष फैलाउने विचारहरूलाई सञ्चार माध्यमले प्रकाशन तथा प्रसारण गर्न नहुने,
- प्रतिनिधिसभा निर्वाचनको क्रममा कसैको पनि व्यक्तिगत सम्पत्ति तथा यातायातको साधन कब्जा गरिनु हुँदैन। सरकारी सार्वजनिक सम्पत्तिको दुरुपयोग गर्ने जस्ता कार्य गरिनु हुँदैन। नागरिकहरूसँग जबरजस्ती चन्दा असुल गर्न नहुने,
- अभिव्यक्ति स्वतन्त्रताको उपयोग गर्ने क्रममा कुनै पनि व्यक्ति, दल वा संगठनप्रति भेदभाव, जातीय वा धार्मिक घृणा वा द्वेष, वा हिंसालाई पैरवी गर्ने खालका अभिव्यक्तिहरु व्यक्त गर्न नहुने,
- शान्तिपूर्ण सभामा ढुङ्गामुढा गर्ने, व्यवधान खडा गर्ने र कार्यक्रममा अवरोध पुऱ्याउनेजस्ता क्रियाकलापहरू गर्न हुँदैन। निर्वाचनका प्रयोजनका लागि प्रयोग भएका सवारी साधन प्रयोगमा अवरोध सिर्जना गर्न नहुने,
- प्रदर्शनका क्रममा टायर बाल्ने, मसाल जुलुस निकाल्ने वा सर्वसाधारण जनतालाई आतंकित पार्ने गरी बन्द हड्ताल आह्वान गर्न हुँदैन। कुनै पनि घरेलु वा अन्य हात हतियारको प्रदर्शन र प्रयोग गर्न नहुने,
- कुनै पनि दल वा समूहका व्यक्ति वा सर्वसाधारणलाई लक्षित गरी बिष्फोटन गराउने, अपहरण गर्ने, बन्धक बनाउने, यातना दिने, धम्क्याउनेजस्ता क्रियाकलापहरू गर्न नहुने,

- व्यक्तिको जीवन स्वतन्त्रता र मर्यादामा आँच आउने गरी अमानवीय व्यवहार गर्ने वा हुल हुज्जत गरी व्यक्तिको मर्यादामाथि आघात पुऱ्याउने र अपमानित गर्ने जस्ता काम गर्न नहुने,
- निर्वाचनको सिलसिलामा खटिने कर्मचारी, सुरक्षाकर्मी एवं अनुगमनका सिलसिलामा खटिने स्वदेशी तथा विदेशी पर्यवेक्षक र अनुगमनकर्ताहरूको काममा बाधा पुऱ्याउन नहुने,
- निर्वाचनपश्चात् मतदातालाई धम्क्याउने, पर्यवेक्षक तथा अनुगमनकर्तालाई अनुचित दबाब दिने वा बल प्रयोग गर्नेजस्ता कार्यहरू गर्न नहुने,

भयरहित स्वतन्त्र र निष्पक्ष प्रतिनिधिसभा निर्वाचन सम्पन्न गर्ने यो मानव अधिकार अनुरोधपत्रलाई सम्मान तथा पालना गरी मानव अधिकारको संरक्षण तथा संवर्द्धन गर्ने कार्यमा आ-आफ्नो तर्फबाट आवश्यक सहयोग पुऱ्याइ दिनु हुन राष्ट्रिय मानव अधिकार आयोग सम्बन्धित सबैसँग हार्दिक आग्रह गर्दछ।

फोन नं. : ०२१-५९०९९३ इमेल: nhrcbrt@nhrcnepal.org

कार्यालय प्रमुख : ९८५२०२२४४८

मधेश प्रदेश कार्यालय, जनकपुरधाम, देवीचौक, धनुषा

फोन नं. : ०४१-५९०८१३ इमेल: nhrcjnk@nhrcnepal.org

कार्यालय प्रमुख : ९८५४०२९७०६

बाग्मती प्रदेश कार्यालय, हेटौडा

फोन नं. : ०५७-५९१२११ इमेल: nhrcsnp@nhrcnepal.org

कार्यालय प्रमुख : ९८५५०७६३११

गण्डकी प्रदेश कार्यालय, पर्यटन मार्ग, पोखरा

फोन नं. : ०६१-५८६०५९ इमेल: nhrcpkr@nhrcnepal.org

कार्यालय प्रमुख : ९८५६०२६९७७

लुम्बिनी प्रदेश कार्यालय, बुटवल, रुपन्देही,

फोन नं. : ०७१-४१०१७५ इमेल: nhrcbtl@nhrcnepal.org

कार्यालय प्रमुख : ९८५७०४४५५१

कर्णाली प्रदेश कार्यालय, वीरेन्द्रनगर, सुर्खेत

फोन नं. : ०८३-५९०२२४ इमेल: nhrcskt@nhrcnepal.org

कार्यालय प्रमुख : ९८५८०३५२२४

सुदुरपश्चिम प्रदेश कार्यालय, धनगढी, कैलाली

फोन नं. : ०९१-५२५६२१ इमेल: nhrcdhn@nhrcnepal.org

कार्यालय प्रमुख : ९८५८४२३६२१

## प्रदेश शाखा कार्यालयहरु

कोशी प्रदेश शाखा कार्यालय,खोटाङ, दिक्तेल

फोन नं. : ०३६२०२८४ इमेल: nhrckht@nhrcnepal.org

लुम्बिनी प्रदेश शाखा कार्यालय,शान्तिनगर, नेपालगन्ज,बाँके

फोन नं. : ०८१-५३६७०८ इमेल: nhrcnpj@nhrcnepal.org

कर्णाली प्रदेश कार्यालय, जुम्ला, खलंगा

फोन नं. : ९८५८३६६२०२